कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार, काठमाडौं
प्रत्यायोजित विधायनको प्रकृति : कार्यविधि
दर्ता नं: ४५।०८२
दर्ता मिति: २०८२।०६।१८

# अपाङ्गता रोकथाम तथा पुनस्थापना लागत साझेदारी (सङ्घ, प्रदेश, स्थानीय तह) कार्यक्रम सञ्चालन कार्यविधि, २०८३

<u>प्रस्तावना:</u> जन्मजात तथा जन्मपश्चात् हुन सक्ने अपाङ्गताको जोखिम न्यूनीकरण, प्रारम्भिक पहिचान, पुनःस्थापना, समावेशी सेवामा पहुँच तथा समुदायमा मर्यादित र स्वतन्त्र जीवनयापनको अधिकार सुनिश्चित गर्न संघ, प्रदेश र स्थानीय तहबीच प्रभावकारी सहकार्य आवश्यक भएको र प्रदेशको अभ्यास तथा अनुभवलाई थप परिष्कृत र परिमार्जित गर्दै स्थानीय तहको नेतृत्व, समुदायमा आधारित पुनःस्थापना, बहु क्षेत्रीय समन्वय तथा लागत साझेदारीमा आधारित कार्यक्रमलाई कार्यान्वयन गर्न वाञ्छनीय भएकोले,

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६५ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी, महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भ:</u> (१) यस कार्यविधिको नाम "अपाङ्गता रोकथाम तथा पुनःस्थापना साझेदारी कार्यक्रम (संघ, प्रदेश र स्थानीय तह) सञ्चालन कार्यविधि २०८३" रहनेछ।

(२) यो कार्यविधि मन्त्रालयले स्वीकृत गरेको मिति देखि लागू हुनेछ।

२. <u>परिभाषा:</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कार्यक्रम" भन्नाले यस कार्यविधि बमोजिम सञ्चालन हुने "अपाङ्गता रोकथाम तथा पुनःस्थापना लागत साझेदारी कार्यक्रम (संघ, प्रदेश र स्थानीय तह)" सम्झनु पर्छ।

(ख) "मन्त्रालय" भन्नाले नेपाल सरकार, महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयलाई सम्झनु पर्छ।

(ग) "प्रदेश मन्त्रालय" भन्नाले प्रदेश सरकारको अपाङ्गता सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(घ) "साझेदार संस्था" भन्नाले यस कार्यक्रम सञ्चालनका लागि आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउने विकास साझेदार (संयुक्त राष्ट्रसङ्घीय निकाय, द्वि-देशीय र बहुदेशीय वा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था वा निजी संस्था) समेतलाई सम्झनु पर्छ।

(ङ) "सहजकर्ता" भन्नाले दफा ११ बमोजिमको सहजकर्ता सम्झनु पर्छ।

(च) "स्थानीय तह" भन्नाले कार्यक्रम कार्यान्वयन गरिने प्रदेश भित्रका गाउँपालिका, नगरपालिका, उपमहानगर पालिका र महानगरपालिका सम्झनु पर्छ।

सचिव

(छ) "अपाङ्गता भएका व्यक्तिको संस्था (Organization of Person with Disability- OPD) " भन्नाले स्थानीय स्तरमा अपाङ्गता भएका व्यक्तिद्वारा स्थापित, सञ्चालित, अपाङ्गता भएका व्यक्तिको हक, अधिकार, हित संरक्षण, सशक्तीकरण, सामाजिक समावेशीकरण तथा सेवा र सुविधामा पहुँच अभिवृद्धिका लागि कार्य गर्ने संस्थालाई सम्झनु पर्छ।

## परिच्छेद-२
## कार्यक्रमको उद्देश्य

३. **कार्यक्रमको उद्देश्यः** यस साझेदारी कार्यक्रमका उद्देश्यहरु देहाय बमोजिम हुनेछ।

(क) गर्भ अवस्थाका महिला तथा सबै उमेर समूहका व्यक्तिहरुको स्वास्थ्य जाँच गरी हुन सक्ने अपाङ्गताको पहिचान र व्यवस्थापन गर्नु।

(ख) विश्व स्वास्थ्य सङ्गठनको समुदायमा आधारित पुनःस्थापना (CBR) तथा समुदायमा आधारित समावेशी विकास (CBID) अवधारणाका आधारमा अपाङ्गता भएका व्यक्ति र निजको परिवारको जीवनस्तर, सहभागिता, आत्मनिर्भरता तथा सामाजिक समावेशीकरणमा सुधार ल्याउनु।

(ग) स्थानीय तहमा कार्यक्रम सञ्चालन गर्ने संस्थागत संरचना, जनशक्ति, समन्वय प्रणाली तथा सेवा प्रवाह प्रणालीलाई सुदृढ र अपाङ्गता अनुकूल बनाउनु।

(घ) अपाङ्गता भएका व्यक्तिको अधिकार, समान अवसर, पहुँचयुक्तता, सशक्तीकरण, निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता तथा समुदायमा स्वतन्त्र, मर्यादित र समावेशी जीवनयापन प्रवर्द्धन गर्ने वातावरण निर्माण गर्नु।

(ङ) अपाङ्गता भएका व्यक्तिको तथ्याङ्क एकिन गरी कानुनी व्यवस्था अनुसारको सेवा सुविधाको पहुँच सुनिश्चित गर्नु।

(च) स्थानीय तहमा कानून बमोजिम गठित स्थानीय अपाङ्गता समन्वय समिति र अपाङ्गता भएका व्यक्तिको संस्था (OPD) को क्षमता विकास तथा संस्थागत सवलीकरण गर्नु।

## परिच्छेद-३
## कार्यक्रम सञ्चालन विधि, क्षेत्र र प्रक्रिया

४. **कार्यक्रम सञ्चालन विधिः** (१) कार्यक्रम संघ, प्रदेश, स्थानीय तह र उपलब्ध साझेदार संस्थाको साझेदारीमा सञ्चालन हुनेछ।

(२) प्रदेश मन्त्रालयको अपाङ्गता सम्बन्धी विषय हेर्ने शाखा वा महाशाखाले प्रदेश स्तरमा कार्यक्रमको समन्वय, सहजीकरण, अनुगमन तथा व्यवस्थापन सम्बन्धी कार्य गर्नेछ।

सचिव

(३) स्थानीय तहको अपाङ्गता सम्बन्धी विषय हेर्ने शाखा वा महाशाखाले दोहोरो नपर्ने गरी प्रभावकारी रुपमा कार्यक्रम सञ्चालन गर्न योजना तर्जुमा, कार्यान्वयन, समन्वय, अनुगमन, प्रतिवेदन तथा कार्यक्रम व्यवस्थापन गर्नेछ।

५. **कार्यक्रम सञ्चालनको क्षेत्र**: (१) यस कार्यक्रमको क्षेत्र अन्तर्गत अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन २०७४, को अनुसूची १ मा उल्लेख भएका अपाङ्गताका सबै प्रकारलाई समेट्ने गरी क्रियाकलापहरु सञ्चालन गर्नुपर्नेछ ।

(२) कार्यक्रमका कार्यगत क्षेत्र अन्तर्गत अपाङ्गता रोकथाम भित्र देहाय बमोजिमको कार्यक्रम हुनेछ।

(क) जन्मजात हुने र जन्मपश्चात हुने अपाङ्गताको प्रारम्भिक पहिचान, न्यूनिकरण तथा व्यवस्थापन,

(ख) विद्यालयमा अध्ययनरत बालबालिकाहरूको अपाङ्गता परीक्षण गरी कार्यगत सीमितता तथा अपाङ्गताको प्रारम्भिक पहिचान, अभिलेखीकरण तथा व्यवस्थापन,

(ग) नव दम्पती, गर्भवती महिला तथा परिवारलाई सुरक्षित मातृत्व, फोलिक एसिडको प्रयोग तथा अपाङ्गता रोकथाम सम्बन्धी जनचेतना अभिवृद्धि,

(घ) घरधुरी सर्वेक्षणबाट पहिचान भएका अपाङ्गता भएका व्यक्तिको अपाङ्गताको गम्भीरता न्यूनीकरणका लागि आवश्यक उपचारमा सहयोग गर्न विभिन्न स्वास्थ्य संस्थासंग सम्प्रेषण सेवा प्रवर्द्धन र औषधि-उपचार,

(ङ) दुर्घटना, नसर्ने रोग तथा अन्य कारणबाट हुन सक्ने अपाङ्गता न्यूनीकरणका लागि जनचेतना तथा रोकथाम सम्बन्धी गतिविधिहरू,

(च) स्वास्थ्यकर्मी, शिक्षक तथा विद्यालय नर्सहरूलाई जन्मजात हुने र जन्मपश्चात हुने अपाङ्गताको प्रारम्भिक पहिचान तथा व्यवस्थापन सम्बन्धी क्षमता विकास कार्यक्रमहरु।

(३) अपाङ्गता भएका व्यक्ति र उनीहरूका परिवारको जीवनस्तर सुधार अन्तर्गत देहाय बमोजिमको कार्यक्रम हुनेछ।

(क) अपाङ्गता भएका व्यक्तिको स्वास्थ्य परीक्षण, अपाङ्गता पहिचान तथा आवश्यक सहायक सामाग्री पहिचानका लागि शिविर सञ्चालन,

नेपाल सरकार महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सिंहदरबार, काठमाडौं

सचिव

(ख) अपाङ्गता भएका व्यक्तिलाई आवश्यक स्वास्थ्य उपचार तथा सहायक सामग्री उपलब्ध गराउने,

(ग) अपाङ्गता भएका व्यक्ति तथा उनीहरूका परिवार वा हेरचाहकर्ताहरूको क्षमता विकास, सीप विकास तथा अभिभावक शिक्षा,

(घ) अपाङ्गता भएका व्यक्तिहरुको समावेशी शिक्षाको हकको प्रवर्द्धन तथा विद्यालय शिक्षामा पहुँच र निरन्तरता अभिवृद्धि,

(ङ) जीविकोपार्जन, उद्यमशीलता तथा व्यावसायिक सीप विकास र आवश्यक बिउपूँजी सहयोग,

(च) अपाङ्गता भएका व्यक्तिका अभिभावक वा संरक्षकहरू आवद्ध वा सहभागी भई मिलीजुली समूह गठन, परिचालन, सुदृढीकरण तथा आवश्यकता अनुसार बचत तथा सहकारी गतिविधिमा आबद्धता,

(झ) अपाङ्गता भएका व्यक्तिहरुको रोजगारीमा पहुँच अभिबृद्धि गर्न वृत्ति विकास परामर्श, तयारी कक्षा सहायता रकम, प्रविधिको प्रयोग सम्बन्धी सीप विकास लगायतका व्यक्तित्व विकास कार्यक्रमको पहुँच र बिस्तार।

(४) अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम सञ्चालनका लागि संस्थागत सुदृढीकरण अन्तर्गत देहाय बमोजिमको कार्यक्रम हुनेछ।

(क) प्रदेश तथा स्थानीय तहमा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचना, कार्यक्षेत्र, जनशक्ति तथा स्रोत व्यवस्थापन,

(ख) समुदायमा आधारित पुनःस्थापना, क्षमता विकास तथा परिचालन सम्बन्धी कार्यकम,

(ग) फोकल पर्सन तथा अपाङ्गता भएका व्यक्तिको संस्था (OPD) का प्रतिनिधिहरूबिच नियमित समन्वय तथा समीक्षा,

(घ) जनप्रतिनिधि, कर्मचारी तथा सरोकारवालाहरूलाई अपाङ्गता सम्बन्धी अभिमुखीकरण,

(ङ) अर्धवार्षिक तथा वार्षिक समीक्षा, सामाजिक लेखाजोखा, योजना तर्जुमा तथा सिकाइ आदानप्रदान,

(च) कार्यक्रमको अनुगमन, मूल्याङ्कन, अभिलेखीकरण तथा सूचना व्यवस्थापन।

नेपाल सरकार
सिंहदरबार, काठमाडौं

Krishna
सचिव

(५) अपाङ्गता भएका व्यक्तिको अधिकार प्रवर्द्धन, सशक्तीकरण तथा सामाजिक समावेशीकरण अन्तर्गत देहाय बमोजिमको कार्यक्रम हुनेछ।

(क) अपाङ्गता भएका व्यक्तिका अधिकार, सेवा तथा सुविधाबारे जनचेतना अभिवृद्धि,

(ख) अपाङ्गता भएका व्यक्ति, उनिहरूको परिवारका सदस्यहरूको निर्णय प्रक्रिया, सामाजिक गतिविधि तथा सामुदायिक संरचनामा अर्थपूर्ण सहभागितामा अभिवृद्धि,

(ग) अपाङ्गता भएका व्यक्तिका अधिकार संरक्षण, सेवामा पहुँच तथा समावेशीकरणका लागि पैरवी तथा समन्वय सम्बन्धी गतिविधिहरू,

(घ) अपाङ्गता भएका व्यक्तिको अन्तर्राष्ट्रिय दिवस, अभियान तथा जनचेतनामूलक गतिविधिहरू।

(६) अपाङ्गता भएका व्यक्तिको तथ्याङ्क एकिन, परिचयपत्र तथा सेवा सुविधाको पहुँच सुनिश्चितता अन्तर्गत देहाय बमोजिमको कार्यक्रम हुनेछ।

(क) स्थानीय तहमा रहेका अपाङ्गता भएका व्यक्तिको तथ्याङ्क सङ्कलन, प्रमाणीकरण, अद्यावधिक तथा प्रोफाइल निर्माण,

(ख) अपाङ्गताको वर्गीकरण तथा परिचयपत्र वितरण प्रक्रियालाई प्रभावकारी बनाउन स्थानीय अपाङ्गता समन्वय समितिको क्षमता विकास,

(ग) अपाङ्गता परिचयपत्र प्राप्त व्यक्तिलाई प्रचलित कानून बमोजिम उपलब्ध हुने सेवा, सुविधा तथा सामाजिक सुरक्षा योजनामा पहुँच सुनिश्चित गर्न समन्वय र सहजीकरण,

(घ) अपाङ्गता भएका व्यक्तिको तथ्याङ्कलाई मन्त्रालयले तोकेको विद्युतीय सूचना प्रणालीमा नियमित रूपमा अद्यावधिक।

(७) स्थानीय तहमा रहेका अपाङ्गता भएका व्यक्तिका संस्था (OPD) को क्षमता विकास तथा संस्थागत सवलीकरण अन्तर्गत देहाय बमोजिमको कार्यक्रम हुनेछ।

(क) स्थानीय तहमा रहेका अपाङ्गता भएका व्यक्तिका संस्था (OPD) को गठन, पुनर्गठन तथा दर्ता/नवीकरणमा आवश्यक सहजीकरण,

(ख) पदाधिकारी तथा सदस्यहरूको नेतृत्व, सुशासन, संस्थागत व्यवस्थापन, वित्तीय व्यवस्थापन, परियोजना व्यवस्थापन सम्बन्धी क्षमता विकास,

(ग) संस्थागत विकास, रणनीतिक योजना, वार्षिक कार्य योजना तथा संस्थागत प्रणाली विकासमा सहयोग गर्ने,

सचिव

नेपाल सरकार

सिंहदरबार, काठमाडौं

(घ) स्थानीय तहमा रहेका अपाङ्गता भएका व्यक्तिलाई स्थानीय तहका अन्य समितिहरुमा प्रभावकारी सहभागिता र प्रतिनिधित्वका लागि सशक्तिकरण,

(ङ) अपाङ्गता भएका व्यक्तिको अधिकार, सेवामा पहुँच तथा समावेशी विकासका लागि समन्वय तथा सञ्जाल निर्माणमा सहयोग,

(च) स्थानीय तहमा रहेका अपाङ्गता भएका व्यक्तिका संस्था र स्थानीय तहबिच नियमित समन्वय, समीक्षा तथा सिकाइ आदानप्रदानका गतिविधी सञ्चालन,

(छ) संस्थाहरुलाई मिलीजुली समूह, सहकारी, जीविकोपार्जन तथा अन्य सामुदायिक कार्यक्रमसँग आबद्ध गराउन सहजीकरण।

६. **कार्यक्रम सञ्चालनको प्रक्रियाः** (१) संघ, प्रदेश, स्थानीय तह र साझेदार संस्थाको लागत तथा प्राविधिक साझेदारी, सहकार्य र समन्वयमा स्थानीय तहबाट कार्यक्रम सञ्चालन हुनेछ।

(२) संघ, प्रदेश, स्थानीय तह तथा साझेदार संस्थाबाट उपलब्ध स्रोत आवश्यकता र प्राथमिकताका आधारमा परिचालन गर्न प्रदेश मन्त्रालयले चरणबद्ध रूपमा स्थानीय तहको छनौट गर्नेछ।

(३) उपदफा (२) बमोजिमको स्थानीय तह छनौटको प्रक्रिया प्रदेश व्यवस्थापन समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(४) उपदफा (२) बमोजिमको स्थानीय तह छनौट गर्दा सकेसम्म भौगोलिक रूपमा एक आपसमा जोडिएका स्थानीय तहलाई प्राथमिकता दिनुपर्नेछ।

## परिच्छेद-४

## संघ, प्रदेश र स्थानीय तहसँगको सहकार्य व्यवस्थापन सम्बन्धी विधि

७. **संघीय अनुगमन तथा मूल्याङ्कन समितिः** (१) साझेदारी कार्यक्रमको प्रभावकारीता मापन गर्न संघीय तहमा मन्त्रालयको सचिवको अध्यक्षतामा देहाय बमोजिमका संघीय अनुगमन तथा मूल्याङ्कन समिति रहनेछ।

(क) महाशाखा प्रमुख, सामाजिक मामिला महाशाखा, मन्त्रालय -संयोजक

(ख) सहसचिव, भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको -सदस्य

(ग) सहसचिव, स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय -सदस्य

(घ) सहसचिव, अर्थ मन्त्रालय -सदस्य

नेपाल सरकार महिला, बालबालिका, जेष्ठ नागरिक तथा सामाजिक सुरक्षा ... मन्त्रालय सिंहदरबार, काठमाडौं

Bishnu
सचिव

(ङ) सहसचिव, राष्ट्रिय योजना आयोगका -सदस्य

(च) राष्ट्रिय अपाङ्ग महासंघ नेपालका अध्यक्ष -सदस्य

(छ) अपाङ्गता अधिकार प्रवर्द्धन शाखा प्रमुख -सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिको बैठक वर्षको कम्तीमा दुई पटक बस्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिको बैठकमा साझेदार संस्थालाई आमन्त्रण गर्न सकिनेछ।

८. **संघीय अनुगमन तथा मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) कार्यक्रम सञ्चालनका लागि संघ, प्रदेश तथा स्थानीय तहबीच आवश्यक समन्वय र सहजीकरण गर्ने।

(ख) कार्यक्रमको समग्र प्रगति, उपलब्धि, चुनौती तथा प्रभावको समीक्षा गर्ने।

(ग) कार्यक्रम कार्यान्वयनका क्रममा देखिएका कार्यक्रमगत तथा प्रक्रियागत समस्याको समाधानका लागि आवश्यक सुझाव दिने।

(घ) कार्यक्रमलाई संघ, प्रदेश र स्थानीय तहका आवधिक योजना, नीति तथा कार्यक्रममा समावेश गर्न आवश्यक पहल गर्ने।

(ङ) कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा समीक्षा गरी प्राप्त सुझावका आधारमा मन्त्रालयलाई सिफारिस गर्ने।

(च) कार्यक्रम सञ्चालन भएको प्रदेश र स्थानीय तहमा आवश्यक समन्वय गर्ने र सुधारका लागि पृष्ठपोषण प्रदान गर्ने।

९. **प्रदेश व्यवस्थापन समिति गठनः** (१) कार्यक्रम सञ्चालनका लागि प्रदेश स्तरमा प्रदेश मन्त्रालयले एक प्रदेश व्यवस्थापन समिति गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको समितिको बैठक सम्बन्धी कार्यविधि समितिले तयार गरे बमोजिम हुनेछ।

(५) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) स्थानीय तहहरूको छनौट गर्ने,

नेपाल सरकार महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सिंहदरबार, काठमाडौं

सचिव

(ख) कार्यक्रमको प्रभावकारी सञ्चालनका लागि आवश्यक मार्गदर्शन, समन्वय तथा सहजीकरण गर्ने,

(ग) कार्यक्रमको वार्षिक कार्ययोजना स्वीकृत गर्ने,

(घ) कार्यक्रम कार्यान्वयनका क्रममा देखिएका नीतिगत, प्राविधिक तथा व्यवस्थापकीय समस्याको समाधानका लागि आवश्यक सहजीकरण गर्ने,

(ङ) स्थानीय तहहरूमा कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट प्रवाह तथा स्रोत व्यवस्थापन गर्दा संघ तथा अन्तर मन्त्रालय समन्वय गर्ने,

(च) प्रदेश सरकारको वार्षिक नीति, कार्यक्रम र योजनामा यस कार्यक्रम सम्बन्धी विषय वस्तु समावेश गर्न आवश्यक सिफारिस गर्ने,

(छ) आवश्यकता अनुसार कार्यक्रम कार्यान्वयनको अनुगमन गर्ने,

(ज) स्थानीय तहहरूबाट प्राप्त प्रतिवेदनहरू एकीकरण तथा विश्लेषण गरी नियमित प्रगति प्रतिवेदन प्रदेश तथा संघीय मन्त्रालयमा पेस गर्ने,

(झ) स्थानीय तह तथा सहजकर्ताहरूको क्षमता विकास, प्राविधिक सहयोग तथा पृष्ठपोषणका लागि आवश्यक व्यवस्था गर्ने

(ञ) अन्य कार्य प्रदेश व्यवस्थापन समितिले निर्धारण गरे बमोजिम हुनेछ।

१०. <u>स्थानीय तहमा कार्यक्रम व्यवस्थापन समितिः</u> (१) अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ४२ अनुसारको स्थानीय समन्वय समितिले यस कार्यक्रमको व्यवस्थापन समितिको काम गर्नेछ।

(२) उपदफा (१) बमोजिमको समितिको बैठकमा कार्यक्रमको साझेदार संस्था वा सम्बन्धित क्षेत्रमा काम गर्ने अन्य संस्थाका प्रतिनिधि तथा विषय विज्ञ र सरोकारवालालाई आमन्त्रित सदस्यको रूपमा आमन्त्रण गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिको बैठक सञ्चालन सम्बन्धी प्रक्रिया समिति आफैले निर्धारण गर्न सक्नेछ।

(४) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछ।

सचिव

(क) कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक स्थानीय सेवा प्रदायक संस्था तथा सरोकारवालाको परिचालन, समन्वय र सहकार्य सुनिश्चित गर्ने,

(ख) कार्यक्रमको प्रगति अनुगमन गर्ने र आवश्यक पृष्ठपोषण उपलब्ध गराउने,

(ग) मन्त्रालय तथा प्रदेश मन्त्रालयबाट प्राप्त निर्देशन, मार्गदर्शन र पृष्ठपोषण कार्यान्वयन गर्नका लागि सम्बन्धित संस्थालाई कार्ययोजनामा सुधार गर्न लगाउने,

(घ) कार्यक्रम कार्यान्वयनका क्रममा आउने समस्या, चुनौती तथा विवाद निरूपणका लागि आवश्यक पहल गर्ने,

(ङ) कार्यक्रम सञ्चालनका लागि आवश्यक सहजकर्ताको व्यवस्था तथा परिचालन गर्ने,

(च) कार्यक्रमको वार्षिक तथा त्रैमासिक योजना तयार गर्ने। यसरी योजना तर्जुमा गर्दा स्वास्थ्य, शिक्षा, रोजगार शाखा / महाशाखा, वडा कार्यालय, अपाङ्गता भएका व्यक्तिको संस्था (OPD) तथा अन्य सरोकारवालासँग समन्वय गरी एकीकृत योजना तयार गर्ने,

(छ) कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट तथा स्रोत व्यवस्थापनका लागि सम्बन्धित प्रदेश मन्त्रालयसँग समन्वय गर्ने,

(ज) कार्यक्रमको त्रैमासिक तथा वार्षिक प्रगतिको समीक्षा गर्ने,

(झ) त्रैमासिक तथा वार्षिक प्रतिवेदन तयार गर्ने।

११. <u>सहजकर्ताको व्यवस्था:</u> (१) स्थानीय तहले अपाङ्गता भएका व्यक्तिको सङ्ख्या, गम्भीरता तथा भूगोल समेतलाई ध्यानमा राखी आफ्नो स्थानीय स्रोत साधनको उपलब्धताका आधारमा मातहतका कर्मचारीहरुलाई सहजकर्ता तोक्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सहजकर्ताको योग्यता, काम कर्तव्य, अधिकार र व्यवस्थापन प्रदेश मन्त्रालयले निर्धारण गरेबमोजिम हुनेछ।

(३) उपदफा (२) बमोजिमको सहजकर्ताको व्यवस्थापन गर्दा अपाङ्गता भएका व्यक्तिलाई प्राथमिकता दिनुपर्नेछ।

सचिव

१२. **<u>सरोकारवालाको सहभागिता तथा समन्वय</u>** :-(१) कार्यक्रमको योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा समीक्षा प्रक्रियामा सम्बन्धित सरोकारवालाको अर्थपूर्ण सहभागिता सुनिश्चित गराइनेछ।

(२) कार्यक्रम सञ्चालनका क्रममा स्थानीय तहले स्वास्थ्य संस्था, विद्यालय, तथा अपाङ्गता भएका व्यक्तिको संस्था/समूह तथा यस क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरू सँग आवश्यक समन्वय र सहकार्य गर्नेछ।

## परिच्छेद-५

## कार्यक्रमको लागत व्यवस्थापन सम्बन्धी व्यवस्था

१३. **<u>कार्यक्रमको लागतः</u>** (१) कार्यक्रम सञ्चालनका लागि मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह तथा इच्छुक साझेदार संस्थाले साझेदारी गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम मन्त्रालयले लागत साझेदारी गर्नुपर्ने रकम प्रदेश मन्त्रालयलाई उपलब्ध गराउनेछ।

(३) प्रदेश मन्त्रालयले संघीय योजना तथा बजेट समेतको आधारमा कार्यक्रम सञ्चालन हुने स्थानीय तहहरूसँगको समन्वय तथा सहकार्यमा कार्यक्रम तथा बजेट तयार गर्नेछ।

(४) प्रदेश सरकारले यस कार्यक्रमका लागि लागत तथा प्राविधिक साझेदारी गर्न इच्छुक साझेदार संस्थासँग सहकार्य गर्न सक्नेछ।

(५) संघ सरकार, प्रदेश सरकार तथा साझेदार संस्थाबाट कार्यक्रमका लागि उपलब्ध गराइने रकम प्रचलित कानुन बमोजिम प्रदेशमार्फत सम्बन्धित स्थानीय तहमा पठाइनेछ।

(६) कार्यक्रमको लागत साझेदारीका लागि साझेदार संस्थासँगको सहकार्य प्रदेश मन्त्रालय तथा साझेदार संस्थासँग भएको सम्झौता बमोजिम हुनेछ।

## परिच्छेद-६

## लेखा परीक्षण, अभिलेख तथा प्रतिवेदन

१४. **<u>लेखा र लेखा परीक्षणः</u>** (१) कार्यक्रम सञ्चालन सम्बन्धी खर्च नेपाल सरकारको खर्च प्रणाली र मापदण्ड बमोजिम गर्नुपर्नेछ।

(२) यस कार्यक्रम अन्तर्गत भएको आयव्यय विवरण तयार गर्ने, लेखा राख्ने, लेखा परीक्षण गराउने र वित्तीय विवरण तयार गर्ने दायित्व प्रचलित कानून बमोजिम सम्बन्धित स्थानीय तहको हुनेछ।

नेपाल सरकार सिंहदरबार, काठमाडौं

Krishna
सचिव

१५. **अभिलेखः** कार्यक्रमसँग सम्बन्धित तथ्याङ्क, लाभग्राही विवरण, अनुगमन प्रतिवेदन, बैठकका निर्णय, वित्तीय विवरण तथा अन्य अभिलेखहरू प्रचलित कानुन बमोजिम व्यवस्थित रूपमा अभिलेखीकरण, अद्यावधिक तथा सुरक्षित राखुपर्नेछ।

१६. **प्रतिवेदनः** (१) कार्यक्रम सञ्चालन गर्ने स्थानीय तहहरूले सञ्चालित कार्यक्रमगत तथा वित्तीय क्रियाकलापहरुको त्रैमासिक, अर्धवार्षिक तथा वार्षिक प्रगति प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको ३० दिन प्रदेश मन्त्रालयमा पेस गर्नुपर्नेछ।

(२) प्रदेश मन्त्रालयले स्थानीय तहबाट प्राप्त प्रतिवेदनको एकीकरण तथा विश्लेषण गरी प्रदेशस्तरको प्रगति प्रतिवेदन तयार गर्नेछ।

(३) उपदफा (२) बमोजिम तयार गरिएको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले ४५ दिन भित्र एक प्रति मन्त्रालयमा र विद्युतीय प्रति मन्त्रालयको इमेल mowcswdisability@gmail.com मा पेस गर्नुपर्नेछ साथै एक प्रति साझेदार संस्थालाई समेत उपलब्ध गराउनेछ।

(३) उपदफा (१) र (२) बमोजिमको प्रतिवेदनको ढाँचा अनुसूची २ बमोजिमको हुनेछ।

१७. **सूचना प्रणालीः** कार्यक्रम कार्यान्वयनको सूचना तथा तथ्याङ्क व्यवस्थापनका लागि मन्त्रालयद्वारा सञ्चालित विद्युतीय तथ्याङ्क प्रणालीको प्रयोग गर्न सकिनेछ।

नेपाल सरकार
महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौं

सचिव

## अनुसूची -१

## दफा १६ को उपदफा (३) सँग सम्बन्धित

## अपाङ्गता रोकथाम तथा पुनःस्थापना साझेदारी कार्यक्रम

## प्रतिवेदन ढाँचा (स्थानीय तह)

**१. प्रारम्भिक खण्ड**

- स्थानीय तहको विवरणः (पालिकाको नाम, ठेगाना, आर्थिक वर्ष, प्रतिवेदन अवधि)
- साझेदार संस्थाको विवरणः (यदि अपाङ्गता भएका व्यक्तिद्वारा सञ्चालित संस्थासँग सहकार्य गरिएको छ भने)

**२. परिचय तथा पृष्ठभूमि**

**३. भौतिक तथा वित्तीय प्रगति विवरण**

(क) प्रमुख ६ वटा क्षेत्रगत क्रियाकलापहरूको भौतिक प्रगति विवरणः

| क्र.सं. | कार्यक्रमका प्रमुख क्षेत्र तथा क्रियाकलापहरू | वार्षिक लक्ष्य | यस अवधिको प्रगति | कुल प्रगति प्रतिशत (%) | कैफियत / मुख्य उपलब्धि |
|---|---|---|---|---|---|
| १ | अपाङ्गता रोकथाम | सङ्ख्या | सङ्ख्या | | |
| २ | जीवनको गुणस्तर सुधार | ,, | ,, | | |
| ३ | संस्थागत सुदृढीकरण | ,, | ,, | | |
| ४ | अधिकार प्रवर्द्धन तथा समावेशीकरण | ,, | ,, | | |
| ५ | OPD को क्षमता विकास | ,, | ,, | | |

(ख) वित्तीय तथा लागत साझेदारी भएमा सो को विवरण

| क्र.सं. | बजेट स्रोत / निकाय | स्वीकृत बजेट (रु.) | वास्तविक खर्च (रु.) | वित्तीय प्रगति (%) |
|---|---|---|---|---|
| १ | सशर्त अनुदान (मन्त्रालय) | | | |
| २ | प्रदेश मन्त्रालय | | | |
| ३ | स्थानीय तह लागत साझेदारी | | | |
| ४ | साझेदार संस्था लागत साझेदारी | | | |
| जम्मा | | | | |

(ग) लाभान्वित वर्गको वर्गिकरण सहितको विवरण

कार्यक्रमबाट प्रत्यक्ष लाभान्वित व्यक्तिहरूको लिङ्ग र अपाङ्गताको प्रकृतिमा आधारित विवरण

| क्र.सं. | नाम/ठेगाना | लिङ्ग र उमेर | अपाङ्गताको प्रकार र वर्ग | लाभ लिएको कार्यक्रम | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

नेपाल सरकार महिला, बालबालिका, तथा ज्येष्ठ नागरिक मन्त्रालय सिंहदरबार, काठमाडौं

सचिव

(घ) मुख्य उपलब्धीः

१.

२.

३.

४.

**(ग) विद्युतीय सूचना प्रणाली प्रविष्टिः**

- मन्त्रालयको व्यवस्थापन सूचना प्रणाली (SIMS) मा तथ्याङ्क प्रविष्टि भएको स्थितिः [ ] शतप्रतिशत अद्यावधिक गरिएको [ ] बाँकी रहेको

**५. अनुगमन तथा मूल्याङ्कन**

६. उदहरणीय वैयक्तिक घटना

- व्यक्ति/परिवारको विवरणः
- कार्यक्रम पूर्वको अवस्था र चुनौतीः
- प्रदान गरिएको सहयोग/सहजीकरणः

  परिणाम तथा जीवनस्तरमा परेको प्रभाव

**७. कार्यक्रम कार्यान्वयनका क्रममा देखिएका चुनौती, समस्या र समाधानका उपायहरू**

**८. प्रमाणीकरण तथा हस्ताक्षर**

**तयार गर्नेः ............**

**पदः............**

**मितिः.............**

**स्वीकृत गर्नेः...........**

**पदः...........**

**मितिः.............**

९. अनुसूचीः

- अनुगमन प्रतिवेदन,
- कार्यक्रमको तस्बिर र लाभान्वितको भर्पाई सूचीको प्रमाणित प्रतिलिपी।

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौं

सचिव

## अनुसूची-२

**दफा १६ को उपदफा (३) सँग सम्बन्धित**

**अपाङ्गता रोकथाम तथा पुनःस्थापना साझेदारी कार्यक्रम**

**प्रतिवेदन ढाँचा (प्रदेश मन्त्रालय)**

**१. प्रतिवेदनको विवरण तथा पृष्ठभूमि**

- प्रदेश सरकारको नामः ..........................
- सम्बन्धित मन्त्रालय/महाशाखा..............................
- आर्थिक वर्षः २०....../२०......
- प्रतिवेदन पेस गर्ने मितिः २०..... साल .... महिना ..... गते

**२. परिचय तथा पृष्ठभूमि**

**३. कार्यक्रमको सामान्य विवरणः**

| क्र.सं. | विवरणका शीर्षकहरू | विवरण / तथ्याङ्क |
|---|---|---|
| १ | कार्यक्रम सञ्चालन भएका जम्मा स्थानीय तहहरूको सङ्ख्या (स्थानीय तहहरुको नामसहित) | |
| २ | कार्यक्रममा आबद्ध साझेदार संस्थाहरूको नाम र साझेदारीको क्षेत्र | |
| ३ | कार्यक्रमका लागि स्वीकृत कुल वार्षिक बजेट (संघीय अनुदान, प्रदेश अनुदान, स्थानीय तह र साझेदार) | रु. |
| ४ | चालू आर्थिक वर्षमा परिचालन भएका सहजकर्ताहरूको जम्मा सङ्ख्या | |

नेपाल सरकार
महिला, बालबालिका, तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौं

सचिव

## ४. भौतिक तथा वित्तीय प्रगति विवरण

| क्र.सं. | कार्यक्रम क्षेत्र/गतिविधि | वार्षिक लक्ष्य (भौतिक) | वार्षिक लक्ष्य (वित्तीय - रु.) | वार्षिक प्रगति (भौतिक) | वार्षिक प्रगति (वित्तीय - रु.) | प्रगति (%) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | गर्भ अवस्थाका महिला तथा सबै उमेर समूहका व्यक्तिहरूको स्वास्थ्य जाँच, अपाङ्गता जोखिम पहिचान र व्यवस्थापन | | | | | | |
| २ | समुदायमा आधारित पुनःस्थापना (CBR) तथा समुदायमा आधारित समावेशी विकास (CBID) गतिविधि सञ्चालन | | | | | | |
| ३ | स्थानीय तहमा संस्थागत संरचना, जनशक्ति, समन्वय प्रणाली तथा सेवा प्रवाह प्रणाली सुदृढीकरण | | | | | | |
| ४ | अपाङ्गता भएका व्यक्तिको अधिकार, पहुँचयुक्तता, सशक्तीकरण र निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता प्रवर्द्धन | | | | | | |

सचिव

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | अपाङ्गता भएका व्यक्तिको तथ्याङ्क यकिन (Profiling) तथा परिचयपत्र / सेवा-सुविधा पहुँच सुनिश्चितता | | | | | | |
| ६ | स्थानीय अपाङ्गता समन्वय समिति र अपाङ्गता भएका व्यक्तिको संस्था (OPD) को क्षमता विकास तथा संस्थागत सवलीकरण | | | | | | |

५. लाभग्राहीको विवरण

| क्र.सं. | लाभग्राहीको वर्ग /विवरण | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १ | स्वास्थ्य जाँच तथा प्रारम्भिक पहिचान सेवा प्राप्त गर्ने गर्भवती महिलाहरू | | | |
| २ | CBR / CBID मा आधारित पुनःस्थापना सेवा प्राप्त गर्ने अपाङ्गता भएका व्यक्तिहरू | | | |
| ३ | क्षमता विकास, तालिम तथा अभिमुखीकरणमा सहभागी भएका अपाङ्गता भएका व्यक्ति | | | |
| ४ | सहायक सामग्री (Assistive Devices) प्राप्त गर्ने लाभग्राहीहरू | | | |
| ५ | क्षमता विकास तालिमबाट लाभान्वित सहजकर्ता, स्थानीय तहका कर्मचारी तथा OPD का प्रतिनिधिहरू | | | |

सचिव

## ६. बजेट व्यवस्थापन तथा खर्चको वित्तीय विवरण

| क.सं. | स्रोतको विवरण (रु.) | स्वीकृत बजेट (रु.) | निकासा भएको रकम (रु.) | वास्तविक खर्च (रु.) | बाँकी रकम / बचत (रु.) |
|---|---|---|---|---|---|
| १ | संघीय सरकारबाट प्राप्त अनुदान | | | | |
| २ | प्रदेश सरकारबाट बिनियोजित बजेट | | | | |
| ३ | स्थानीय तहहरूको लागत साझेदारी | | | | |
| ४ | साझेदार संस्थाको लागत साझेदारी | | | | |
| | **जम्मा** | | | | |

## ७. कार्यक्रम कार्यान्वयनका मुख्य उपलब्धिहरू

१.
२.
३.
४.

## ८. अनुगमन तथा मूल्याङ्कन

## ९. कार्यक्रम कार्यान्वयनका क्रममा देखिएका समस्या र चुनौती

क. भौगोलिक तथा प्राविधिक समस्या तथा चुनौती:

ख. वित्तीय तथा बजेटरी व्यवस्थापन समस्या तथा चुनौती:

ग. समन्वय तथा संस्थागत समस्या तथा चुनौती:

## १०. सुधारका लागि सुझावहरू

क. नीतिगत तथा प्रक्रियागत सुधार:

ख. क्षमता विकास तथा सहजीकरण:

ग. स्थानीय तहको स्वामित्व वृद्धिका लागि सुझाव:

## ११. प्रमाणीकरण तथा हस्ताक्षर

**तयार गर्ने: ...........**
**पद:............**
**मिति:............**

**स्वीकृत गर्ने:..........**
**पद:..........**
**मिति:............**